# माता पिता सेवा



भिक्षु प्रज्ञारश्मि

Downloaded from http://dhamma.digital

# माता पिता सेवा

लेखक- भिक्षु प्रज्ञारश्मि

रूपान्तरकार- हे. मा. चिनियालाल वज्राचार्य

महा चैत्य विहार
पाल्पा तानसेन, टक्सार

Downloaded from http://dhamma.digital

प्रकाशक– भिक्षु प्रज्ञारश्मि
महा चैत्य विहार
पाल्पा तानसेन, टक्सार

[ सबै अधिकार लेखकमा नै ]

प्रथम संस्करण १००० प्रति

प्रथम प्रकाशन–
बुद्ध सम्बत् २५१७
बि. सं. २०३०
इस्वी स. १९७३
नेपाल सं. १०९३

मूल्य–

मुद्रक–
तिलक प्रेस, तानसेन,
पाल्पा

Downloaded from http://dhamma.digital

# मन्तव्य–

भगवान बुद्धलाई बुद्धत्व प्राप्त भएपछि, वहाँले यो बोधि ज्ञानलाई केवल आफैमा मात्र केन्द्रित वा सिमित पार्नु भएन । सम्पूर्ण जगत प्राणिहरूको उद्धार र कल्याणको निमित्त वहाँले आफुले आर्जन गर्नु भएको यो महाज्ञानलाई विश्व व्यापी प्रकाशमा ल्याउनु भयो । यसो गर्नुमा वहाँका दुई प्रयोजनहरू थिए– एक त मानिसको क्षणिक व्यक्तिगत जीवनबाट दुःख सदाको लागि समाप्त पार्नु र निर्वाण प्राप्त गराउनु थियो । र अर्को केही सामुहिक भौतिक प्रयोजन थिए । त्यस बेलाको समय परिस्थिति बडो अन्धमय थियो । आदिम कालीन बर्बर दासयुगका परम्पराहरूले समाजलाई युगौं पहिले देखि जकड़ी रहेका थिए र साथै तत्कालीन समाजमा घोर अन्धविश्वास, अनाचार, उत्पीडन, अत्याचार, शोषण, जताततै व्याप्त थिए । असंगति, विषमता, असत्य र अन्धविश्वासको परिवेशमा जर्जर भएर बिच्छिन्न भएको समाजमा मुक्ति र बहुजनहितायको नयाँ सन्देश, नयाँ दर्शन र नयाँ दृष्टिकोणको दिव्यज्योति दर्शाउनु थियो । यी सबै प्रयोजनलाई अंगालेर बुद्ध धर्म विश्वमा एउटा आदर्श ज्ञानधाराको रूपमा प्रवाहित भएर शान्ति र मुक्तिको पथ विछ्याउन अगाडी बढ्यो । प्रत्येक व्यक्तिलाई सुख र शान्ति चाहिन्छन् । हिंसा र असत्यको आधारशिलामा रहेको समाजमा व्यक्तिलाई कदापि सुख र शान्ति हुंदैन । शोषण र विषमतामा खड़ा भएको समाजमा मानिसलाई उत्पीड़नबाट कदापी मुक्ति हुन सक्दैन । एवं प्रकारले अन्धविश्वास, घृणा र भेदभावले ग्रसित भएको समाजमा मानिस कदापि सुख सन्तोषले बस्न सक्दैन । यिनै

Downloaded from http://dhamma.digital

तथ्यबाट बसीभूत भएर नै भगवान बुद्ध बाट एउटा नयाँ धर्म– तमाम उत्पीडनबाट मुक्ति हुने एकमात्र मार्ग दर्शाउनु भयो र हिंसा र असत्यको ठाउँमा अहिंसा र सत्यको सन्देश सुनाउनु भयो। शोषण र बिषमताको ठाउँमा सम्यक दृष्टि, सम्यम आचरण र सम्यक कर्मको धर्मदेशना गर्नु भयो। अन्धविश्वास, घृणा र जातीय भेदभाव, अनाचार, अत्याचारको सट्टामा मानव जातिमा समभाव, स्वचिन्तन र आत्मज्ञानको माध्यमबाट स्वावलम्बन र शीलवन्त सदाचारको जीवन यापन गर्ने उपदेश दिनु भयो। यसरी यो नयाँ कल्याणकारी दर्शन घर घर ग्राम ग्राममा स्वतः प्रचार हुंदै गयो। मुक्तिको मार्ग बुद्ध धर्मको प्रचार प्रसार तीब्र गतिले हुंदै जानु त स्वाभाविकै थियो। तर यो तीब्रताको गतिमा आचारबद्धता र नियमानुशासनमा दृढता भएन भने यसैले उपकार गर्नुको सट्टा भ्रमपैदा हुनजाने सम्भावना रहन्छ। यसैले बुद्धधर्मको प्रचार प्रसारलाई सत्यवादिता र नियम बद्धतामा अबलम्बित गर्न र साथै बौद्ध मार्गमा पर्न आउने अनेकौं बाधा कचिङ्गल, भ्रान्ति सिथिलता तथा अनुशासनहीनतालाई निर्मूलपार्न, भगवान बुद्धले आफ्ना ६१ जना शिष्यहरूलाई संघ व्यवस्थाको महत्व र आवश्यकता दर्शाउनुभै बौद्ध संघ स्थापना गर्नु भयो र सबै भिक्षुहरूलाई बौद्ध संघको नियम अनुशासनमा रही आचरण गर्ने र संघकै निर्देशनमा गाउँ गाउँ धर्म सन्देश सुनाउने आज्ञा दिनु भयो। यसरी व्यक्तिबादिता भन्दा सामुहिकता नै सर्वोपरी मान्नु भै संघलाई महत्ता प्रदान गनु भयो। बुद्ध महापरिनिर्वाण हुन लागेको बखतमा, शोक सन्तप्त भएका शिष्य, भिक्षु आनन्दलाई सम्बोधन गर्दै वहाँले भन्नु भयो– म यस भौतिक संसार बाट उठेर गएँ भनेर किन सन्ताप लिन्छौ ? म नभए पनि धर्म र संघ रहनेनै छन्। यसैबाट प्रेरित

Downloaded from http://dhamma.digital

भएर धर्म कार्यमा बढने नै छौं ।

पच्चिस वर्ष अगाडिको बोधिज्ञान आज विश्वको कुना काप्चा मा फैलिई सकेको छ । आफ्नो दर्शनको वैज्ञानिकता, व्यावहारिकता तथा स्पष्टता ले गर्दा आज बुद्ध धर्म शान्तिको प्रतीक बनेको छ , र यो विश्व धर्मको रूपमा प्रतिस्थापित हुने क्रममा छ । बौद्ध धर्मको व्यापकता र लोकप्रियता हुनु स्वयं यस धर्मको गुण ग्राह्यता नै हो ता पनि यस गुणलाई विश्व मानवको बक्ष बक्षमा पुर्याउन बौद्ध धर्मावलम्वी भिक्षुहरूको ऐतिहासिक योगदान रहेको छ । यसै क्रममा हाम्रो नेपालमा बौद्ध धर्मको प्रचार प्रसारको परिचर्चा गर्न यस सानो मन्तव्यमा सम्भव छैन । नेपालका बौद्ध भिक्षुहरूले पनि बौद्ध धर्म को प्रचार प्रसारमा ठूलो योगदान र त्याग गर्नु भएका छन् । बुद्ध को शान्ति र सत्यको सन्देश नेपालको प्रमुख नगरमा मात्र सिमित रहेको थियो तर आजकाल बौद्ध धर्मावलम्वीहरूमा एउटा नयाँ अभियानको सूत्रपात भएको देख्दछु । अञ्चल अञ्चल, जिल्ला जिल्ला र गाउँ गाउँ, डाँडा पखेरा, दुर्गम क्षेत्रमा पनि बौद्ध सन्देश को प्रचार गर्न बौद्ध भिक्षुहरूबाट राष्ट्रिय भाषा नेपालीमा पुस्तिका हरू लेखी आफै प्रकाशित गराई आफै नै वितरण गर्दै आदर्श सेवा गरी रहनु भएका छन् । यसै क्रममा श्रद्धेय भिक्षु प्रज्ञारश्मि बाट पनि यो सानो पुस्तिका नेपाली भाषामा प्रकाशित गरी नेपालका दुर्गम क्षेत्रका बासिन्दाहरूलाई समेत बुद्ध सन्देश सुनाउने इच्छा गर्नु भएको रहेछ । यस कार्यमा मैले आफ्नो सक्दो सहयोग चढाउन पाएकोमा म आफुलाई गौरवान्वित भएको ठान्दछु । अस्तु !

**चिनियालाल बज्राचार्य**
**तानसेन, पाल्पा**

२०३०

Downloaded from http://dhamma.digital

# धन्यवाद ज्ञापन–

पूजनीय भन्ते भिक्षु प्रज्ञारश्मि यस महाचैत्य विहारमा दश वर्ष अगाडी आउनु भएको थियो। वहाँले विहारको दयनीय अवस्था देख्नु भै यसलाई जर्गै देखि भत्काई नयाँ आधुनिक बिहार बनाउने प्रेरणा दिनु भयो। वहाँको प्रेरणा पाएर सबैको हार्दिक सहयोगले महा चैत्य विहार धेरै जसो तैयार भै सकेको छ।

यस पटक, दश वर्ष पछि, वहाँले हाम्रो विशेष आग्रहलाई स्वीकार गर्नु भै यस बिहारमा पुनः वर्षावास गर्न आउनु भएको छ। यस वर्षावास अवधिमा वहाँले हामीलाई दैनिक रूपबाट धर्मदेशना गर्नु भै हामी लाई कृतार्थ पार्नुको साथै, यसै बिहारमा बस्नु भै यो सानो पुस्तिका पनि प्रकाशित गर्नु भएकोमा हामी वहाँ प्रति आभारी छौं। यस यस पुस्तिकालाई नेपालीमा रूपान्तर गर्नु भै आफ्नो अमूल्य समय र श्रम अर्पण गर्नु भएकोमा श्री हे. मा. चिनियालाल बज्राचार्यज्यू लाई हामी ज्ञानमाला सभा तरफबाट धन्यवाद चढाउँछौं। यसका अलावा श्रद्धेय भन्ते प्रज्ञारश्मिज्यूको प्रोत्साहन र सद् प्रयासले हामी ज्ञानमाला सभाका सदस्यहरू बुटवल बिहारमा बाहा पूजा गर्न जाने कार्यक्रमको आयोजना समेत गराउनु भयो। सो बाहा पूजाको कार्यक्रम अत्यन्त सफलताका साथ सम्पन्न भयो, यसका लागि सर्बै ज्ञानमाला सदस्य परिवार साथै भन्तेज्यूलाई हार्दिक धन्यवाद अर्पण गरेको छु।

नन्दलाल शाक्य
अध्यक्ष–
ज्ञानमाला सभा
महाचैत्य बिहार, तानसेन टक्सार पाल्पा

# लेखकका दुई शब्दहरू–

भगवान गौतम बुद्धको शुभ जन्म, नेपाल देशको मध्य पश्चिम खण्डको पुण्य भूमि लुम्बिनीमा भएको हो । पिता शुद्धोदन महाराजको आदर्श राज्यको राजधानी कपिलवस्तुको १२ माइल जति पूर्व स्थित यस लुम्बिनी उपवन आज सारा विश्वका शान्तिप्रेमी श्रद्धालुहरू र विश्व बौद्धमार्गीहरूको एउटा पवित्र तीर्थस्थल भएको छ । भगवान बुद्धबाट महा परिनिर्वाण प्राप्ति भएको आज २५१७ वर्ष बिती सक्दा पनि बुद्ध धर्म र बुद्धको सन्देश सम्पूर्ण विश्वमा झन झन विकसित रूपले फैलिदैछ । संसारका प्रत्येक देशमा बुद्ध धर्मावलम्बीको संख्या दिन दिनै बढ्दै गएको छ र बुद्ध धर्म मुक्ति, शान्ति सत्य, अहिंसा र नैतिकतामा आधारित भएकोले सबैले श्रद्धा राख्दछन् । बुद्धको जन्मस्थल लुम्बिनीलाई राष्ट्र संघले विशेष ध्यान दिई निर्माण योजना लागु गराउनु एउटा गौरवको कुरा हो । बुद्धको मूल दर्शन नै त्याग हो । बुद्धले राज्य, वैभव, विलाश, स्त्री पुत्र र संपूर्ण राज्य पनि त्याग्नु भयो । कुनै पनि वस्तुमा आत्मभाव

Downloaded from http://dhamma.digital

राखी टाँसीनु वा म मेरो भन्ने अहं भाव नराख्नु नै त्याग भावना हो । विशाल राज्य सुख भोग ऐश्वर्यलाई त्यागी एकान्त जंगलमा, ६ वर्ष सम्म कष्ट भोग गरी तपस्या गरेर अन्तमा स्वचिन्तनबाट बुद्धत्वको ज्ञान प्राप्त गर्नु भयो अर्थात् बोधिज्ञान, आर्यसत्य, अष्टाङ्गिक मार्ग, प्रतित्य समुद्पाद, दर्शन उपार्जन गरिकन बहुजन हित र सुख को निम्ति ४५ वर्ष सम्म हरेक देश, ग्राममा घुम्नु भयो र महाप्रज्ञालाई प्रकाश पार्दै जानु भयो । वहाँले आफ्नो अधिनमा रहेका सबै नै भौतिक पदार्थ त्यागेर मानव मात्रको कल्याण गर्ने एउटा अद्वितीय धर्म र आदर्श दर्शाउनु भयो । यही नै बुद्धको महानता हो । त्याग र आदर्शको प्रतिमूर्ति बुद्ध भगवान बाट प्रतिपादित दर्शन यतिकै नैतिकता र कल्याण पूर्ण हुनु स्वाभाविकै हो ।

अतः बुद्धको दर्शन सत्यता व्यापकता र नैतिकतामा नै अवलम्बित रहेको छ । बुद्धको दर्शन ज्यादै गहन भएकोले एकै चोटी बुझ्नु गाहारो होला । गम्भीर मनन विवेक र बुद्धिमत्ता अध्ययन गर्यौं भने स्पष्ट नै ज्ञान हुन्छ र यसको महत्व प्रष्ट हुन्छ । छोटकरीमा भन्ने हो भने बुद्ध दर्शनको आदर्श मानिसको व्यक्तित्व बाट राग, द्वेश, शतप्रतिशत हटाउने र अन्तमा निर्वाण प्राप्ति नै हो । परमात्मामा मात्र भरोसा छैन । बुद्धले भन्नु भएको छ 'अत्ताहि अत्तनोनाथ, अर्थात् आफुलाई आफु नै भरोसा छ ।

यो शव्दलाई बुद्धिजिवि र विद्वानहरुले धेरै नै महत्व दिन्छन । यस्तो बौद्धिक विकास गर्ने दार्शनिक गाम्भिर्यको विचार पद्धति आजको विश्वमा अनुकरणीय भएको छ । यसले बौद्ध दर्शनको प्रचार पनि प्रबल भएको छ । पच्चिस सय वर्ष पुरानो भएता पनि बुद्धको

Downloaded from http://dhamma.digital

उपदेश आजसम्म पनि नयाँ जस्तै र आजको युगमा प्रत्येक जन र समाजलाई पनि सुहाउँछ। जहाँ युद्ध, भय, त्रास आउँछ भने शान्ति को निमित्त बुद्धको स्मरण अवश्य आउँछ । यही नै बुद्ध धर्मको महत्व र गौरव हो ।

बुद्ध धर्म शान्तिप्रेमी भएको प्रमाण यही हो कि आजसम्म पनि कहीं पनि कसैले कसैलाई बुद्ध धर्म ग्रहण गर्नुको लागि त्राश दिएर वा पैसाको प्रलोभन देखाएर जबरजस्ती बौद्ध धर्म प्रचार कतै पनि भएको छैन न भविष्यमा नै हुनेछ । सबैले आफ्नै इच्छाले मात्र बुद्ध धर्म ग्रहण गरेका छन् । यही हो बुद्ध धर्मको करूणा र मैत्रीको महिमा ।

बुद्ध धर्ममा आर्थिक, सामाजिक सुधार र चरित्र सुधार हुने सदाचार नियम र पञ्चशील आदि उपयोगी सिद्ध भएका छन् । तसर्थ बुद्ध धर्मलाई मानव धर्म पनि भन्दछन् । विश्वको कल्याण सुख शान्ति साथै मानवको उपकार निमित्त भगवान बुद्धले चरित्र निर्माणमा विशेष जोड़ दिनु भएको छ । व्यक्ति र परिवारको सम्वन्ध आदर्शपूर्ण र स्नेहपूर्ण हुनु पर्छ भन्ने भगवान बुद्धले विभिन्न ठाउँमा उपदेश दिनु भएको छ ।

यसै सन्दर्भमा म पाल्पा तानसेन स्थित महा चैत्य बिहार बारे केही भन्न चाहान्छु । सर्वार्थसिद्ध भगवान गौतम बुद्धका अनुयायी हरूले विश्वभरि नै यो सन्देश वा बौद्ध धर्मको प्रचार गरे । हाम्रो नेपालमा त भगवान बुद्ध स्वयं जन्मनु भएको देश भएको हुनाले यो देश त बौद्ध धर्मको मूल स्थान नै हो भन्नमा कुनै अत्युक्ति न होला । यसैले यहाँ बौद्ध धर्म प्रति शुरू देखि नै श्रद्धा राख्नेहरू

Downloaded from http://dhamma.digital

प्रशस्त थिए । विशेष गरी अशोक महाराजाकी सुपुत्री चारुमती स्वयंमले यहाँ बौद्ध धर्म प्रचार गरेकी थिईन् र अशोकले बनाएका स्तूपहरू आज पनि पाटनमा ४ स्तूप छँदैछन् । कालान्तरमा बौद्ध धर्म माथि अनेकौं बाधा पर्न आएता पनि यहाँका बौद्ध धर्मावलम्बी हरूले यस धर्मलाई जस्तै कष्ट सहेर पनि पालन गर्दै गए । नेपालमा थेरबादको पुनः उदय हुंदा पाल्पा तानसेनमा पनि केही भिक्षुहरू आगमन हुन थाले । त्यसैबेला तानसेन टक्सार निवासी केही बौद्ध धर्म प्रति श्रद्धा राख्ने महानुभावहरूले आफ्नो घर जग्गा पिछवाड मा बौद्ध मन्दिर बनाउन जग्गा अर्पण गरे । सोही जग्गा प्राप्त भए पछि स्थानीय सबै बौद्धमार्गीहरूले यथाशक्य श्रद्धानुसार दान चन्दा श्रमदान र मूर्तिकार वस्तुकार सुवर्णकार आदि श्रद्धालु बौद्ध मार्गीहरूले आफ्नो अमूल्य निस्वार्थ शिल्प र श्रम सेवा चढाए, र काठमाण्डू स्वयम्भूको सानो रूपको चैत्य १०८७ सालमा निर्माण गराए। त्यस पछि यस बौद्ध मन्दिर संगै बौद्ध भिक्षुहरूलाई आवास को निम्ति एक जना श्रद्धालु बौद्धमार्गी स्व. श्री देव बहादुर बज्राचार्यले एउटा पौवा अथवा विहार बनाउनु भएको थियो । लगतै पछि श्रामणेर महादान आई यहाँ बस्नु भयो । त्यस पछि श्रामणेर शाक्यानन्द आफु प्रवर्जित भएर १९८९ सालमा वर्षावास गर्नु भयो ।

यस पाल्पा तानसेनमा बौद्ध धर्मको उत्थानमा एउटा कुराले विशेष महत्व राख्दछ । भगवान बुद्धको जन्म बुद्धत्व प्राप्ति र महापरिनिर्वाण त्रिसंयोग बैशाख पूर्णिमाको अवसरमा अघि यहाँ केवल पूजा भजन मात्र हुने गर्दथ्यो । तर २००२ सालमा श्री डि. अमृत लाल बज्राचार्य र श्री पूर्णमान शाक्य र अन्य तानसेनका बौद्धमार्गी

Downloaded from http://dhamma.digital

हरूको प्रयत्न बाट सो बैशाख पूर्णिमा उत्सव धुमधाम नाना प्रकार बाजा भजन साथ भव्य रूपले रथयात्रा हुन थाल्यो, जुनकि काठमाण्डू को बुद्ध रथ यात्रा पछि अधिराज्य भर सब भन्दा राम्रो प्रभाव पूर्ण बुद्ध रथ यात्रा मानिन्छ । यसका साथै २००५ साल देखि यसै रथ यात्रा उत्सवको एक दिन अगाडी जाग्रामको दिन बौद्ध सभा हुने गर्दछ जस्को आयोजन सुत्रपात श्री चिनियालाल बज्राचार्य, श्री मथुरा प्रसाद प्रधान र श्री जगत बहादुर जोशी आदि बाट भएको थियो। आजकाल ज्ञानमाला सभाले यसको अझ भव्य रूपबाट आयोजना गर्ने गर्दछ । यो रथ यात्रा शुरू भएको अर्को वर्ष युवक हरूको ज्ञानमाला सभा पनि स्थापित भै नित्य भजन र विभिन्न सामाजिक साँस्कृतिक कार्यक्रमहरू हुने गर्दछन् ।

२०२० सालमा तानसेन भिमसेन टोल स्थित आनन्द बिहार नजिक टुँडिखेलमा महा परित्राण पाठ तथा बौद्ध सभा भएको अवसरमा काठमाण्डू बाट अखिल नेपाल भिक्षु महा संघ तर्फ बाट भागलिन म यहाँ तानसेनमा आएँ । महा परित्राण कार्यक्रम सिधिए पछि म यहाँ दुई चार दिन रोकिएँ र त्यही अवसरमा यो टक्सार टोल स्थित महा चैत्य बिहार हेर्न आएँ। मन्दिरको स्थिति आकर्षक थियो र ठाउँ पनि फराकिलो शान्तमय थियो । चारैतिर अग्लो पर्खाल र अगाडी पट्टी ठूलो फाटक अत्यन्त नै आनन्ददायक थियो । र पूर्वपट्टी हेर्दा थोत्रो सानो पौवा रहेको र यसमा भिक्षुहरूलाई आवास गर्न अत्यन्त कठिनाई भएको देखें । मलाई यो पौवालाई एउटा ठूलो बिहारको रूप दिन पाए अति शोभायमान हुने थियो भन्ने कल्पना भयो र श्रद्धालु युवक श्री नन्दलाल शाक्य र अरू

Downloaded from http://dhamma.digital

महानुभावहरूसंग राय प्रस्ताव राखें । वहाँहरू यस विहार निर्माण का लागि बडो उत्सुक हुनु भयो र तुरून्त निर्माण कार्यको लागि स्व. जगतमान बज्राचार्य श्री नन्दलाल शाक्य र अरू समेत भएको बिहार निर्माण कमिटि बन्यो । सो पौवालाई जगदेखि भत्काई नयाँ महा चैत्य बिहारको एक नयाँ भवन निर्माण शुरू भयो । जगमाल राखे पछि मलाई काठमाण्डू बोलावट भएको हुनाले जानु पर्‍यो र बिच-बिचमा सो बिहार निर्माण कार्य बारे सोझी रहन्थे । मैले सुने, सो बिहार निर्माण कार्यमा ज्ञानमाला सभा र बौद्ध महिला मण्डलका युवक युवतीहरू समेत अत्यन्त परिश्रम गरीरहेकाछन् ।

२०२० सालमा निर्माण शुरूभै एक तला मात्र हुंदा आर्थिक अभावले कार्य रोकिन गयो । आखिरमा २०२७ सालमा फेरि एक पटक अधुरो रहेको बिहार निर्माण कार्यको लागि उत्साहको लहर आयो । यसमा अनागारिका रत्नमञ्जरी र अन्य श्रद्धालुहरूको परिश्रम रही यस स्थानमा घर घर गई यथाशक्य चन्दा संकलन अभियान शुरू भयो जस्को फल स्वरूप यो वर्तमान भवन निर्माण कार्य धेरै जसो पूरा भएकोछ । अझै यसमा कार्य बाकी रहेको देख्छु । फ्लोरिङ प्लाष्टर र पछाडी बगैंचा आदि बनाउनु पर्ने कार्य बाकी नै छ । यसको लागि नन्दलाल शाक्य र भवन सेक्रेटरी सूर्यमान बज्राचार्य तत्पर नै हुनु हुन्छ र अन्य श्रद्धालुहरूले पनि यसमा पुनः सहयोग पुर्‍याउने छन् भन्ने आशा र विश्वास छ ।

यसै नव निर्मित बिहारमा यस वर्ष मलाई यहाँ वर्षा वास गर्ने निमन्त्रणा भएको हुंदा म यहाँ आई केही महीना बसी आफुले कल्पना गरेको नयाँ बिहार निर्मित भएको देख्न पाउँदा मलाई अत्यन्त

Downloaded from http://dhamma.digital

हर्ष लाग्नु स्वाभाविकै हो। साथै यसै विहारमा स्व. श्री गणेशलाल शाक्यवाट निर्मित विशाल बुद्ध मूर्ति देख्न पाउँदा म अत्यन्त नै हर्षित भएँ। यसै बिहारमा यो वर्ष जापानका विश्व प्रसिद्ध बौद्ध भिक्षु निचिदात्सु फुजी गुरूजी र वहाँका शिष्यहरू केही दिन आवास गर्नु भै यस बिहारको शोभा बढाउनु भयो। यसै वर्षावासको अवसरमा दैनिक धर्म देशना भै बाकीरहेको फुर्सत समयमा केही बौद्ध रचना गर्ने इच्छा भयो। मैले आजकालका युवकहरू माता पिता प्रतिको आफ्नो कर्तव्य भावना बिर्सीरहेको जस्तै पाएँ। यो एउटा दुःखको कुरा हो।

**यो मातरं वा पितरं वा जिण्णकं गत योब्भन,**

**पहुसन्तो नभरति तंपरा भवतो मुखं।**

अर्थः– जस्ले आमा बाबु बुढा बुढीलाई पालन पोषण सेवा गर्दैन तिनीहरू सदैव त्याज्य वा निन्दित हुन्छन् भनी बुद्धबाट उपदेश भएका छन्।

यसै कारण आमा बाबुको गुण र महत्व नयाँ युवकहरूलाई बोध होस भन्ने हेतुले यो सानो पुस्तिका लेखी प्रस्तुत गरेको छु। नेपाली भाषामा यसलाई शुद्ध र सकेसम्म अलंकार शब्द सजाई आफ्नो अमूल्य समय र परिश्रम दिनु भएकोमा म स्थानीय महाबोधी विद्यालयका विद्वान प्रधानाध्यापक श्री चिनियालाल बज्राचार्य प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै वहाँलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु। अन्तमा यो सानो पुस्तिका माता पिता सेवा नामक किताब छाप्न निमित्त आर्थिक सहयोग दिनु भएकोमा पाल्पा तानसेन निवासी र बुटवलका बौद्ध प्रेमीहरू सबैलाई मेरो दिलै देखिनै धन्यवाद। मुद्रक तिलक प्रेस, तानसेनलाई पनि सकभर लगन र किफायत साथ राम्रो छापीदिनु भएकोले वहाँहरूलाई पनि धन्यवाद छ।

Downloaded from http://dhamma.digital

## धम्मपद्—

**योचेवस्स सतंजीवे अपस्सं धम्म मुत्तमं,**

**एका हं जीवितं सेय्यो पस्सतो धम्म मुत्तमं ।**

अर्थ:– उत्तम, सार, धर्मलाई न बुझी सय वर्ष बाँच्नु भन्दा पनि उत्तम सार हुने धर्म बुझेर एकै दिन बाँच्नु पनि श्रेयष्कर हुन्छ ।

**नतावता धम्म धरो यावता बहु भासति,**

**यो च अप्पम्पि सुत्वान धम्मं कायेन पस्सति,**

**सवे धम्म धरो होति यो धम्मं नप्प मज्जति ॥**

अर्थ:– जहाँसम्म कुरा मात्र भैरहन्छ, तहाँसम्म धर्मधर भनिन्न । थोरै मात्र धर्म सुनेर पनि, उत्तम जीवन यापन गरेर शुद्ध आचरण गर्ने र प्रमादी नहुने व्यक्तिलाई धर्मधर भन्दछन् ।

**धम्मं चरे सुचरितं नतं दुच्चरितं चरे,**

**धम्मचारी सुखं सेति अस्मिंलोके परम्हिच ।**

अर्थ:– राम्रो चरित्रवान भैकन धर्माचरणगर्नू, नराम्रो आचरण न गर्नू धर्माचरण गर्ने व्यक्तिलाई यो लोक र परलोक दुवैमा शान्ति प्राप्त हुन्छ ।

Downloaded from http://dhamma.digital



भिक्षु प्रज्ञारश्मि

Downloaded from http://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# माता पिता सेवा

एक समय, भगवान गौतम बुद्ध जेतवन महाविहारमा आबास गर्नु भएको बखतमा आफ्ना शिष्य भिक्षुहरूलाई उपदेश दिनु हुंदै माता पिताको गुण र सेवाको महत्व बारे प्रकाश पार्नु भयो । वहाँले 'मातापितु गुण अनन्त्' अर्थात आमा बाबुको गुण अनन्त छ भनी उपदेश गर्नु भयो । माता पिताको गुण अति गहीरो, अति विशाल र यसको कुनै अन्त नै न भएको कुराको ज्ञान गराउनु भयो । माता पिताको गुणको महत्वको ज्ञान दर्शाउन भगवान बुद्धले एउटा कथाको दृष्टान्त दिनु भै भन्नु भयो–

पूर्व समयमा वाराणसी समीप व्रह्मवर्द्धन नामको एउटा राज्य थियो । त्यहाँ मनोज नामका एकजना प्रतापी राजाले शासन गर्दथे । त्यसै राज्यमा एकजना अस्सी करोडपति महासार नाम गरेका धनी ब्यक्ति थिए । उनका कुनै पुत्र थिएनन् । उनकी स्त्रीले पुत्र प्राप्तिको ज्यादै प्रार्थना गरेपछि स्वयं बोधिसत्वले उनको कोखमा

Downloaded from http://dhamma.digital

जन्म ग्रहण गरे । जन्मे पछि उनको नाम सोन कुमार रह्यो । उनी पछि फेरि ब्रह्मलोकबाट अर्को पुत्र पनि उनै ब्राह्मणी स्त्रीको कोखमा जन्म ग्रहण गर्न आए । उनको नाम नन्द कुमार रह्यो । उनीहरू क्रमैसंग हुर्कदै बढ्दै गएर किशोर अवस्थामा पुगेर वेद शास्त्रादी ज्ञान हासिल गरे । उनीहरूको रूप र गुण देखेर उनका पिता माता ब्राह्मण र ब्राह्मणीले उनीहरूलाई गृहस्थीकी जिम्मेवारी सोंपने विचार गरेर भने– बाबु हो, अब हामीहरूको उमेर ढल्दै जाँदैछ । यो घर गृहस्थी सरसम्पत्ति सारा तिमीहरूले सह्माल ।

यो कुरा सुनेर दुवै दाज्यू भाईहरू आश्चर्य र दुःखमा परे । दाज्यू चाहीं सोन कुमारले विनम्रपूर्वक भने– हे पूज्य पिताज्यू तथा माताज्यू; म यो सम्पत्ति वैभवको भारलाई बोकेर जीवन बिताउने इच्छा राख्दिन । म त केवल तपाईहरूको सेवा सुश्रुसा गरेर नै जीवन बिताउने छु । यसैमा म सर्बोच्च आनन्द ठान्दछु । तपाई-हरूको स्वर्गलोक भए पछि म हिमालयमा गै प्रर्वजित हुनेछु । यस्तै गरी उनको भाई चाहीं नन्द कुमारले पनि भने— म पनि तपाई हरूकै सेवा गरेर बिताउन चाहान्छु र पछि दाज्यू हिमालयमा गै प्रर्वजित हुनु भयो म पनि सारा सम्पत्ति गृहस्थि छाडेर दाज्यू संगै हिमालय मा गै प्रर्वजित भएर एकान्त बास गर्ने छु ।

छोराहरूको यस्तो बैराग्य र आदर्शको कुरा सुनी दुवै ब्राह्मण ब्राह्मणीको मनमा ग्लानी र दुःख को भाव छुटयो अनि भन्न थाले— अहो ! हामी कति अन्धकारमा रहेछौं । हामीले यो सम्पत्तिको सुख भोगमा लागेर सत्य ज्ञानलाई बिर्सेछौं । यो भौतिक सुखले हामीलाई अन्धानै तुल्याएछ । हेर यी भरखरका कलिला उमेरका बालकहरूले त आफ्नो जीवनमा भोग विलासको इच्छा त्याग गरेर ज्ञान र मोक्ष

Downloaded from http://dhamma.digital

प्राप्तिको अभिलाषा राख्दछन् भने हामी यस्तो ढलेको उमेर सम्ममा पनि यो भोग विलासबाट मुक्त हुन सकेनौं । भएन अब त हामीले पनि यो गृहस्थ, माया ममता सुख सम्पत्ति छाडी आफ्ना छोराहरूकै आदर्शको अनुसरण गर्नु पर्‍यो । हाम्रो देहान्त सम्मन् किन पर्खौं ? अहिले नै हामी सबै चारैजना यो गृहत्याग गरी हिमालय तर्फ गै प्रव्रजित भएर एकान्त बास गर्छौं । यति कुरा निश्चय गरे पछि आफ्नो सारा सम्पत्ति आफ्ना छिमेकी समाजलाई दान गरेर त्यस राज्यका राजा मनोजलाई समेत सूचना दिई यी पिता माता र दुई छोराहरू हिमालय तर्फ बनबास गर्न गए ।

यसरी यी चार जनाको परिवार गृहत्याग गरी ब्रह्मवर्द्धन नगरलाई छाडेर हिमाल जंगल तर्फ हिंडे । त्यहाँ पुगेर पाश्वबर्द्ध भन्ने तलाउको किनारमा एउटा रमणीय बन कुञ्जमा प्रव्रजित भै कन आश्रम बनाई बसे । ती दुवै दाज्यू भाईहरूले आफ्नो माता पिता को सेवा टहल गर्न लागे । एका बिहानै उठने र दतिवन ल्याई कुल्लाह गराउने नुहाउन पानी ल्याई दिने चीसो र तातो पानीले नुहाई दिने, जटा सफा गराई दिने बढ्दै आश्रममा लिप पोत गरी सफा राखे पछि दुवै भाई जंगल गैकन ताजा फलफूल ल्याइ दिने र साँझ अबेर सम्म आमा बाबुको खुट्टा मिचेर वहाँहरू निदाए पछि आफुहरू पनि आराम गर्न जाने उनीहरुको नित्य कर्म भयो ।

एवं प्रकारले दिन बित्दै गए । वर्षौं पछि यी दुई दाज्यू र भाई मा एउटा कुरामा मतभेद हुन गयो । भाई चाहीं नन्द कुमारले आफ्नो आमा बाबुलाई बढता सेवा टक्र्याउन दुई तीन दिन सम्म पुग्ने गरी फलफूल टिपेर ल्याई राखीदिन थाले । आमा बाबुले त्यही मात्र खाएर पुग्ने भएकोले दाज्यू चाहिं सोन कुमारले टकारी दिएको

Downloaded from http://dhamma.digital

फलफूल खाएनन्। सधैं नन्द कुमारले ल्याइ दिएको फलफूल मात्र खाएर उपोसथ (व्रत) गरेर बसे। उनले त्यत्रो परिश्रम गरी ल्याएको भोजन बेकार भएर फ्याँक्नु पर्‍यो। यसबाट सोन कुमार बडो खिन्न र दुखित हुन थाले। धेरै दिन सम्म पनि त्यही चाल रह्यो। सोन कुमारले आफ्नो भाईलाई कैयौं पटक त्यसो न गर्न सम्झाए तर केही लागेन। अन्त्यमा सोन कुमारको धैर्य टुट्न लाग्यो र एक दिन उनले आफ्नो भाईलाई सम्झाएर भने– भाई तिमीले दुइ तीन दिन पुग्ने गरी ल्याएको फलले पुग्ने हुँदा मैले ल्याएको फलहरू बा आमाले खान पाउनु हुन्न र सधैं बेकार खेर जान्छ। यसरी मैले बा आमा को सेवा गर्न बाट बंचित हुनु परीरहेको छ र मैले पुण्य लाभ पाउन सकेको छैन। अब देखि तिमीले र मैले टिपेर ल्याएको फलफूल संगै ख्वाउँला। बा आमालाई चाहिए जतिको फल भोजन दुबै मिलेर संगै टक्र्याउँला अनि हामी दुबैलाई बरोबर पुण्य लाभ होला। तर भाई नन्द कुमारले बढी आकांक्षा राखी कुरा नमानेकोले उत्तेजित भएर भाईलाई भने– म जेठो हुं बा आमाहरूको सेवा पैल्हे मैले गरी सकेपछि बल्ल तिम्रो पालो आउँछ। के तिमीले मलाई माता पिताको सेवा गर्ने अवसर पनि दिन चाहान्नौ? के म तिम्रो दाज्यू होइन? के मलाई पुण्य सञ्चय गर्ने अधिकार पनि दिन्नौ? के यही हो तिम्रो दाज्यू प्रतिको कर्तब्य?

यति कुरा सुन्ने बित्तिकै नन्द कुमारको आँखा खुले जस्तै भयो। आफ्नो अज्ञानताको कुरालाई सम्झे। उनीले आफ्नो भयंकर गल्तीलाई बुझे। दाज्यूको भावनालाई आघात परेको कुरालाई अनुभव गरे। उनीले आफ्नो अपराधलाई स्वीकार गरेर दाज्यू संग क्षमा याचना गर्नु पर्ने कुरा अनुभव भयो। तर यस्तो ठूलो अपराध भएको

Downloaded from http://dhamma.digital

नेनन्। यस्तै गरी नगद धन सुन चाँदी दिन लगाए सब कुरा पनि स्वीकार नगरे पछि राजाले भित्रबाट निजी दूत पठाएर सोध्न पठाए– उसो भए तिमीले के चाहान्छौ त? नन्दले जवाफ दिए– म त केवल राजालाई सेवा पुयाउन आएकोछु। त्यो सुनी राजाले फेरि आज्ञा गरे– मेरा सेवक त प्रशस्त छन् बरू धर्म गर। यो कुरा सुन्ने बित्तिकै नन्दले बिन्ती चढाउन पठाए– मैले सारा जम्बुद्विप लिएर राजालाई चढाउँला। राजा चकित भएर सोच्न थाले– यस्तो उदार याचकले भनेका कुराहरू असत्य हुंदैनन् र उनीहरूमा ऋद्धिबल अवश्य हुन्छ। राजाले तत्कालै नन्दलाई भित्र आउने हुकुम गरे पछि उनी नन्द राजाको समीप उभिए। उनीलाई त्यहाँ यथोचित सम्मान दिए पछि राजाले सोधे हे– याचक! के मलाई साँच्चै सारा जम्बुद्विप दिन सक्नु हुन्छ त? उनीले जवाफदिए– हो महाराज! कसरी दिन सक्नु हुन्छ त? भनेर राजाले सोधनी गर्दा नन्दले सादर भने– महाराज एउटा सानो लामखुट्टेले टोक्दा जाने रगत जति पनि रगत न बग्ने गरी मैले सारा जम्बुद्विप हजुर लाई जीतेर चढाई दिनेछु। यी सब काम म आफ्नो ऋद्धिबलले पूरा गर्ने छु। बरू चाँडै आज्ञा होस् र यो अभियान तुरन्त नै शुरू गरिनु पर्दछ। राजाको मनमा पनि महत्वाकांक्षा बढेर आयो र उनीले तुरन्त आफ्नो सारा सेना नन्दको साथ लगाए।

नन्द कुमार अब सारा जम्बुद्विप बिजय गर्न पूरा सेनाको साथ हिंडे। बाटामा सेना बढ्दा वर्षा, घाम, रोग, ब्याधि डाँड़ा काँडा, भीर, पखेरो, बाढ़ी, पहिरो, यी सब प्राकृतिक बाधाहरूलाई आफ्नो ऋद्धि बलले हटाई दवाई सारा विपत्तिलाई पन्छाई पूरा सेनालाई साथ लिएर अगाडी बढ़दै गए। यसरी बढ़दै गएर सब

Downloaded from http://dhamma.digital

मा दाज्यू संग कुन प्रकारले क्षमा माग्ने ? कसरी द
मनलाई निको पार्ने र साथै माता पितालाई अझै ठूलो सेवा
पुयाउने ? यही पश्चातापको कुरा कसरी अभिब्यक्त गर्ने ? यो प्रश्न
ले उसलाई बिझ्न थाल्यो उनको मनमा अनेकौं तर्क बितर्क उठन
थाल्यो। उनीले ध्यान समाधी विधिको अभ्यास गरेर त्यही दिन
पाँच अभिज्ञा र आठ समापत्तिको गुण प्राप्तिबाट विचार गरे– म
सुमेरू पर्वतको शिखरमा गएर रत्न– बालुवा बटुलेर मेरो दाज्यूको
पर्णशालामा बिछ्याएर दाज्यू संग क्षमा माँगुला तर यतिले शोभा
दिन्न। अनुतप्त ( सर ) बाट पनि क्षमा याचना गरूँला तर यसले
पनि त्यती शोभा दिंदैन । म चार महाराज लाई साथमा ल्याएर
क्षमा प्रार्थना गरूँला, त्यसबाट पनि शोभायमान हुने छैन। म सारा
जम्बुद्विपको अधिपतिहरू र महाराज मनोजको साथ उनको भारदार
सेनाहरूलाई समेत साथ लिएर दाज्यूकहाँ क्षमा माग्न आउँछु र
माता पितालाई सेवा पुयाउन सकुँ भने यही काम सर्बोत्तम ठहरिने
छ र शोभायमान हुनेछ र यसबाट माता पिता र दाज्यूको गुण र महत्व
सारा जम्बुद्विपमा फैलिने छ। यति निश्चय गरी उनी चुपचाप आफ्नो
पिता माताको चरण ढोग गरेर दाज्यूको चरण स्पर्श गरेर, बर्णाश्रम
कुटी छोडेर बाहिर हिंडे। यति विचार गरेर त्यहाँबाट उनी सरासर
राजा मनोजको दरबारको छेउमा पुगे । उनीले द्वारेलाई भित्र म
आएको छु भनी राजा कहाँ खबर पुयाउन लगाए। राजाले भित्र
बाट खबर पठाए– दु:खी याचक संग भेटेर के गर्ने ? भिक्षा माग्न
ाएको होला, भिक्षा दिएर फर्केर जाऊ भन। तर उनीले स्वीकार
न्। फेरी खबर पठाउँदा भित्र राजाबाट खबर आयो—
पए वस्त्र मागेको होला, वस्त्र लिएर जाऊ। यस कुरालाई

Downloaded from http://dhamma.digital

भन्दा शक्तिशाली राजा कोशल राज्यमा प्रवेश गरे। एक ठाउँमा मैदानमा उभिई कोशल राजालाई फौजी दूत द्वारा खबर पठाए— मनोज सेना संग युद्ध गर वा उसको अधीनता स्वीकार गर। कोशल राजालाई क्रोध र अहंकार बढ्यो र गड्केर भन्न पठाए— के म राजा होइन ? के म पनि यति कायर र नालायक छु कि बिना युद्ध आफु मनोजको अधीनमा परूँ ? लौ युद्ध गर्न म तैयार छु। यति भनी सके पछि दुवै फौज मैदानमा उत्रे। घमासान युद्ध शुरू भयो। नन्द कुमार दुवै फौजको बीचमा उभिए। दुवैतिर बाट तीर को प्रहार हुन थाले। तर आश्चर्य के भयो भने दुवैतिरबाट हानेर ल्याएका ती सबै तीरहरू नन्दको शरीरको छालामा मात्र गडेर फुत्कन्थे। अनि जस्तै शस्त्र प्रयोग गरेता पनि केवल नन्द कुमारको शरीरको बाहिरी भागमा मात्र लाग्न पुग्दथ्यो र त्यसबाट उनीलाई केही पनि चोट पुग्दैनथ्यो। अन्तमा कोशल राजा हार खाएर नन्दको शरणमा परे। त्यस पछि उनीलाई राजा मनोजको अधीनता स्वीकार गर्न कबुल गराए पछि उनको राज्य उनैलाई फिर्ता गराई उनी फेरि अगाडी बढे। यस पछि मगध राज्यमा प्रवेश गरे। त्यहाँ पनि त्यही नतिजा भयो। नन्द कुमारको ऋद्धिबलले गर्दा मगध राजा लाई राजा मनोजको अधीनता स्वीकार गर्नै पर्‍यो। यस्तै प्रकारले उनी अगाडी बढ्दै एक एक राज्यलाई अधीनमा पार्दै सारा जम्बुद्विप लाई नै बिजय गरेर राजा मनोजको अधीनता स्वीकार गर्न लगाए।

यसरी कठोर परिश्रमले सारा जम्बुद्विपलाई अधीनमा पारी सकेपछि नन्द कुमार फौज सहित फेरि राजा मनोजको ब्रह्मवर्द्धन राज्यमा फिर्ता उपस्थित भए। राजा मनोजलाई सब हाल जाहेर भए पछि उनको हर्षको ठेगाना नै भएन। आफ्नो अधीनमा परेका

Downloaded from http://dhamma.digital

एक सय राज्यहरूलाई नाना प्रकारको मीष्ठान्न भोजन पदार्थ जम्मा गरी आफ्नो राजधानीमा सामेल गराई एकसाता उत्सव मनाउन लगाए। नन्द कुमारले विचार गरे– राजा मनोज आफ्नो खुशीयाली देश भरमा मनाएको यो साताभरी म कहीं एकान्तमा चिन्तन गरी बस्ने छु। उनी चुपचाप उत्तर कुरुमा भिक्षा माग्दै हिमालयको कञ्चन गुप्त द्वारमा एक साताभरी नै चिन्तन गरी बसे। राजा मनोजले पनि हर्ष उल्लासको बखतमा साताभरीनै नन्द कुमार उप-स्थित न भएको देखेर बिचार गरे– जस्को कृपा र शक्तिले मैले यत्रो सारा जम्बुद्विप साम्राज्य जितें, उनै महान पुरुष यहाँ उपस्थित न रहनु दुःखको कुरा हो र आश्चर्यको कुरा हो। यति अपशोच का शब्दहरु केही बोलेका मात्र थिए कि त्यसैबेला नन्द कुमार त्यहाँ देखा परे। राजाले उनीलाई नमस्कार गरी सोधें–

**देवता नुसि गन्धब्बो, अद सक्को पुरि ददो।**

**मनुस्सभूतो इद्धिमा, कथं जानेमु तं मयं॥**

अर्थ– तिमी देवता हौ? तिमी गन्धर्व हौ वा तिमी चक्र? अथवा, तिमी ऋद्धिवान पुरुष हौ? तिमीलाई के सम्झौं?

वहाँको कुरा सुनी र यथार्थ कुरा भनेर उनीले जवाफ दिए–

**नाह्मिदेवोम गन्धब्बो, न पि सक्को पुरिददो।**

**मनुस्सभूतो इद्धिमा, एवं जानाहि भारत॥**

अर्थ– न म देवता हुं, न गन्धर्व हुं, अनि न चक्र नै हुं। म ऋद्धि प्राप्त मनुष्य हुं। हे भारत तपाईले यो जान्नु होस्॥

यस्तो कुरा सुनेर राजाले, वहाँ मनुष्य हुनु हुन्छ भने वहाँले मेरो उपर बहुत ऊपकार गर्नु भयो। मैले वाहाँलाई धेरैनै ऐश्वर्य दिएर सन्तुष्ट गर्छु अनि कृतज्ञता प्रकट गर्छु भन्ने विचार गर्नु

Downloaded from http://dhamma.digital

हुंदै यी कुरा भने—

तपाईको शक्ति महान छ। वर्षा ब्याधी, बाढी आएता पनि रोक्न सक्नु हुन्छ। अनि चर्को घाम, पानी, शीतल पारी दिनु हुन्छ। अनि शत्रुलाई पनि प्रेमले आफ्नो बसमा पार्नु हुन्छ। समृद्धशाली राष्ट्रलाई पनि आफ्नो अधीनमा राख्नु हुन्छ। अनि एकसय राष्ट्र पनि आफ्नो बसमा पार्नु भएको हुन्छ। म तपाई प्रति बड़ो प्रसन्नता र कृतज्ञता प्रकट गर्छु। तपाईले के माग्नु हुन्छ माग्नु होस। हाथी घोड़ा, अलंकृत नारी तथा मेरो राम्रो भवन यी सब तपाईलाई दिन सक्छु। म तपाईलाई अङ्ग मगध अश्मक अथवा अवन्ती राष्ट्र पनि अर्पण गर्न तत्पर छु। म तपाईलाई आधा राज्य पनि दिन तैयार छु। यदि तपाईलाई राज्यको इच्छा छ भने भन्नुहोस। यो कुरा सुनेर नन्दले आफ्नो कुरा यसरी भने—

**न मे अत्थो हि रज्जेन नगरेन धनेनवा।**
**अत्थो हिजन पतेन अत्थो मह्यं न विज्जति ॥**

अर्थ– न मलाई राज्यको आवश्यक छ, न नगरको, न धरको न मलाई जनपद नै चाहिन्छ।

"यदि तपाईले मलाई केही दिनु हुन्छ भने, एउटा वचन दिनु होस्, भनी अर्को गाथा भने—

**भोतो च रष्ठे विजिते अरज्जे अत्थि अस्समो।**
**पिता मह्यं जनेत्ती च उभो सम्मन्ति अस्समे ॥**
**तेसहं पुब्बचरियेसु, पुञ्ञं न लभामि कातवे।**
**भवन्तं अज्झाचरं कत्वा सोनं याचमु संवरं ॥**

अर्थ– तपाईको राज्यमा एऊटा जंगलमा एउटा आश्रम छ। त्यस

Downloaded from http://dhamma.digital

आश्रममा मेरो आमा र बाबु र दाज्यू तीन जना बास गर्नु भएको छ। एउटा अपराधको कारणले वहाँहरूको सेवा गर्न पाइन। तपाई मेरो साथ लिएर वहाँहरूसंग क्षमा माग्न चाहान्छु।

राजा मनोजले तुरुन्त भने– हे श्रमण! तपाईले मलाई यति ठूलो साम्राज्य दिलाई दिनु भयो। मेरो यत्रो ठूलो मान प्रतिष्ठा बढाई दिनु भयो। म यति सानो काम किन नगर्ने? म तपाईको साथ खुशीसाथ आश्रम जान तयार छु। यति भने पछि (१३) राजाले सबै सेना, मन्त्री, भारदार र अन्य प्रजागणलाई आफ्नो साथ हिमालय तर्फ जान आज्ञा दिए।

अनि चतुरंगिनी सेनाको साथ राजा, पायासी कोसियको निवास स्थान हिमालयको रमणीय आश्रमतिर गए।

तिनीहरू आश्रम पुग्ने दिन सोनले विचार गरे, मेरो भाई निस्केको सात वर्ष सात महीना अनि सात दिन भै सक्यो। त्यतिका दिन भाईको सम्झनामा म बेचैन भै रहेकोछु। अनि उनीले दिब्य-चक्षुबाट हेरे। चौबीस अक्षोहिणी सेना तथा सय राजासित म संग क्षमा माग्न आउँदैछन्। अनि उनीले विचार गरे– यी परिषदहरूले तथा राजाहरूले मेरो भाई द्वारा प्रदर्शित धेरै प्रातिहार्य्य देखेका होलान्। युद्ध विजयको उल्लासमा र उन्मादमा मलाई नचिन्न सक्लान्। यो केवल मामुली साधु नै होला भन्ने ठानेर मेरो सामर्थ्य शायद बुझ्नु नसक्लान्। शायद यहाँ आएर बिजय उन्मादमा हामीसंग झगड़ा गर्लान्। यस प्रकारले म संग झगड़ा वा निन्दा गरे भने उनीहरू नरकमा जानु पर्ला। त्यसकारण म मेरो ऋद्धिबल देखाउँछु भनि वहाँले बिना स्पर्श गरिकन जमीन देखि चार अंगुल माथी उठे।

Downloaded from http://dhamma.digital

अनि अनोतप्त शिखरबाट पानी ल्याउन केहीबेर राजालाई बिश्राम गर्न भनी आफु त्यहाँबाट राजा संग आज्ञालिई हिंडे । केहीबेर पछि फेरि आकाश मार्गबाट ओर्ली भूंईदेखि चार अंगुल माथी उठदै पानी काँधमा बोकी ल्याएको देखेर राजा आश्चर्यमा परेर सोधे– यसरी अलौकिक चमत्कार गरेर आकाशमा विचरण गरी हिंडन सक्ने महान ब्यक्तिको के म परिचय पाउन सक्छु ?

त्यति भने पछि बोधिसत्वले दुई गाथा भने—

**अहं सोनो महाराजा तापसो सहितंवतो ।**
**भरामि माता-पितरो रत्तिन्दिव अतंतंदितो ।।**
**वने फलञ्च मूलञ्च आहरित्वा दिसम्पति ।**
**पोसेमि माता-पितरो पुब्बेकतं अनुस्सरं ।।**

अर्थ– महाराज ! म व्रती तपस्वी भएर आलस्य रहित भै दिन, रात आमा बाबुको सेवा गर्दछु । हे राजन ! म आमा बाबुको अघिदेखि नै सेवा गरिकन बन जङ्गलबाट फलफूल ल्याई पालन गर्दछु ।

त्यो कुरा सुनेर राजाले आफ्नो मनमा विश्वास गरिकन यो गाथा भने—

**इच्छाय अस्समं गन्तुं यत्थ सम्मति कोसियो ।**
**मग्गंनो सोन अक्खाहि येन गच्छेमु अस्समं ।।**

अर्थ– म त्यो आश्रममा जान चाहन्छु जहाँ कोसिय बसेको छ हे महापुरुष ! मलाई बाटो देखाउनुस, जहाँ उनको आश्रम छ ।

बोधिसत्वले आश्रम जाने बाटो देखाई गाथा भने—

**अयं एकपदी राजा येनेतं मेध सन्निभं ।**
**कोविळारेहि सञ्छन्नं एत्थ सम्मति कोसिय ।।**

Downloaded from http://dhamma.digital

राजा ! त्यो गोरेटो बाट हिंडदा जहाँ मेघवर्णको विलार पुष्पले आच्छादित बगिया झाड़ी छ त्यहिनै कोसिय भन्ने ठाउँ हो।

त्यति कुरा भने पछि राजालाई नमस्कार गरिकन सोन कुमार चाँडैनै आकाश मार्गबाट अन्तरिक्षमा नै गए । त्यहाँबाट फेरि माता पिताको आश्रममा पुगी आश्रम साफ गरेर आसन बिछ्याएर पर्णशालामा प्रवेश गरिकन आफ्नो पितालाई सूचना दिए– पिताज्यू ! यशस्वी अभिजात राजागण यहाँ आउँदैछन् । तपाईहरू आश्रमबाट बाहिर निस्केर बस्नुहोस् । पुत्रको कुरा सुनेर उनका पिता माता दुवै आश्रमबाट निस्केर पर्णशालाको ढोकानिर बसे । अनि सोन कुमार फेरि पानी लिन तुरून्त हिंडे ।

दाज्यू बोधिसत्व सोन कुमार अनोतप्त सरोबरबाट पानी लिएर आश्रमतिर लागेको देखेर भाई नन्द, राजा र उनको सेना सहित अगाडी हिंडेर माता पिताको आश्रमबाट केही टाढ़ा उभिए । राजा पनि स्नान गरिकन सबै अलंकारबाट अलंकृत भएर नन्दको पछि-पछि लागे । ठूलो ऐश्वर्यको साथ बोधिसत्व संग क्षमा लिनको लागि आश्रमको द्वारमा उभिए ।

आश्रममा राजाको सेना लस्कर सहित पुग्ने बित्तिकै नन्दको मनमा फेरि एक पटक ग्लानी र दु:खको भाव परीरहेको थियो । एकै पटक पिता माता र दाज्यूको चरण स्पर्श गरी क्षमा माग्न उनीलाई आफ्नो पुरानो अपराध र पश्चातापको भावनाले रोकी रहेको थियो। यसैले उनी एकैछिन रोकिए । आश्रम अगाडी ऐश्वर्यवान राजा मनोज र हजारौं सेना, सयकड़ौं राजागण र अन्य प्रजागण

Downloaded from http://dhamma.digital

हरू देखेर पिताले आफ्नो पुत्र नन्द संग सोधे– बाबु नन्द, यस्तो एकान्त जङ्गलमा यति यशश्वीवान पुरूषहरू, हिरा मोती र बहुमूल्य रत्नले झलमलाईरहेको शिर र अन्य अमूल्य उज्ज्वल मणिरत्नहरू ले जडित पोशाकले सुशोभित भएर, अगाडी हाथ जोडी यति नम्र भावले नत मस्तक भै उभिरहेका हाम्रा महान पाहुनाहरू को हुनु हुन्छ ? अनि यो बिशाल सेना सम्पूर्ण विश्व विजय प्राप्त गर्न सक्ने जस्ता देखिने हृष्ट पुष्ट राजभक्त, गौरवी देखिने यो विशाल फौजको लस्कर यहाँ आश्रम अगाडी किन नतमस्तक भै हाथ जोडी उभीई रहेछन् ? अनि सोनले विनम्र भएर भने—

**राजाभिराजा मनोजो इन्दो व जयं पति ।**
**नन्दस्स अज्झावारं एति अस्समं ब्रह्मचारिनं ॥**
**तस्सेसा महती सेना पिट्ठितो अनुवत्तति ।**
**अक्खोभणी अपरियन्ता सागरस्सेव ऊमियो ॥**

अर्थ– भाई नन्द आज इन्द्रको समान महान विजयी भएका सम्राट मनोजको अधीनका अन्य राजागण, सागरको लहर जस्तै असीम अक्षोभणी सेनाको साथ यस ब्रह्मचारीको आश्रम कुटीमा म संग क्षमा माग्न आएको छ ।

अनि सोनको यस्तो कुरा सुन्नेबित्तिकै दुवै पिता माताले भन्न लागे— कहाँ छ मेरो नन्द ? कहाँ छ मेरो प्यारो पुत्र ? भन्दै आँखा चारैतिर घुमाउन थाले । नन्द त्यहाँ अझै देखापरेन अनि राजा मनोजले पिता मातालाई धैर्य दिंदै बिन्ती गरे । हे महर्षि ! धैर्य गर्नुहोस् । नन्द कुशलनै हुनु हुन्छ । वहाँ अहिलेनै देखा पर्नु हुनेछ । भन्नुहोस् हे महात्मा, के तपाईहरू कुशल आराम हुनु हुन्छ ?

Downloaded from http://dhamma.digital

यस्तो बिहड भयङ्कर जङ्गलमा तपस्या गर्दा तपाईहरूलाई कुनै रोग ब्याधि वा जङ्गली जीव जन्तुको आक्रमण इत्यादि बाट केही हानी त भएन ? यस्तो सम्मानपूर्वकको प्रश्न सुनी पिताले बड़ो गम्भीर भैकन उत्तर दिए—

हे राजन ! भगवानको कृपाबाट हामीहरू कुशल नै छौं । यस घनघोर जङ्गलमा पनि मैले सन्तोष नै पाएको छु । हाम्रो तपस्याको फलले होला हामीलाई यहाँ रोग ब्याधि जङ्गली जीव जन्तुबाट कहिल्यै केही हानी भएन । यहाँका प्रत्येक जीव जन्तु हामी लाई बडो स्नेहले हेर्दछन् । त्यसमा पनि मेरो पुत्र सोन कुमारले हाम्रो आदर्श सेवा गरेकाछन् । राजन, तपाईहरू कष्ट गरी यस कण्टकपूर्ण स्थानमा पाल्नु भयो स्वागत छ र तपाईहरूको सेवामा अरू विशेष मिष्ठान्न भोजन न भएता पनि हाम्रो हार्दिक स्वागत ले भरिएको यी फलफूल ग्रहण गरी बिश्राम गर्नुहोस् । स्वागत छ । अनि राजन के मेरो प्यारो पुत्र नन्दको हाल तपाईहरूलाई थाहाछ ? के उनी कुशलै छन् ? यो आश्रममा उनी कहिले फर्कन्छन् ? यहीं आएको छ भने किन अगाडी देखा नपरेको ?

यत्तिकैमा नन्द आसनबाट उठीकन अगाडी बढ़ी पिता माता को चरणमा ढोग गरी जमीनमा केही अश्रुधारा बगाए । पिताले उसको सिर सुम सुमाई आशीर्बाद दिए र माताले स्नेह पूर्वक आलिङ्गन र चुम्बन गरे । अनि भावपूर्ण नेत्र लिएर श्रद्धाका साथ विनय पूर्वक दाज्यू सोन कुमारको पाउ छोई नन्दले भने— दाज्यू ! मैले तपाई उपर अपराध गरेको थिएँ । मैले पिता माताको बढ़ी सेवा गरिकन बढ़ी पुण्य संचय गर्ने लोभ गरें जसबाट तपाईको पुण्य संचय गर्ने

Downloaded from http://dhamma.digital

कार्यमा बाधा पर्न गयो । यसबाट तपाईको मनमा दुःख पर्न गयो । यो मेरो ठूलो गल्ती मात्र होइन अपराध नै थियो । यसै अपराध लाई प्रायश्चित गर्न तपाईको समक्ष यी सारा राज लस्कर लिएर क्षमा माग्न आएको छु । मैले यो आफ्नो शक्ति वा प्रभाव देखाउन ल्याएको होइन बरू यी सारा राजागण र सेनाहरूले पनि म संग आएर मेरो कसुरलाई माफी माग्न आएका हुन् । दाज्यू मलाई क्षमा रहोस् । यति भन्ने बित्तिकै सारा राजागण र फौज लस्करले समेत क्षमा रहोन् हे धर्मातमा ऋषि, हामी सारा पनि तपाईको पिता माता को सेवाको लागि हाजिर छौं, आज्ञाहोस् ! भनी आवाज निकालेर शिर निहुराएर, अनि सोन कुमारले बिस्तारै मधुर शान्त स्वरमा भने– प्यारो भाई नन्द, तिमी महान छौ, तिम्रो आत्मा शुद्ध छ । तिमी लाई सदैव क्षमा रहने नै छ । म तिम्रो दाज्यू भएकोले दाज्यूलाई पहिले माता पिताको सेवा गर्ने र त्यस पछि भाईको पालो भन्ने हामी आर्यहरूको यस्तो सामाजिक थांति रहेकोले नै मैले तिमीलाई पहिले मलाई सेवा गर्ने अवसर दिनु पर्छ भन्ने कुरा संझाएको थिएँ। भाई तिमीलाई मैले बरू केही त्यसबेला कड़ा शब्द प्रयोग गरेको थिएँ, त्यस कुरामा मलाई दुःख छ। भाई नन्द हामी संगै फेरि माता पिता को सेवा गरौं भन्दै दुवै दाज्यू भाईहरू अङ्कमाल गरे । त्यसपछि सोन कुमारले राजागण र सेनालाई सम्बोधन गरी भने हे अतिथिहरू तपाईहरूको सद्भावनाको लागि धन्यवाद छ । अनि पिता माताले पनि राजा मनोज, अन्य राजगण राजपरिषद र सबै राज सेनाहरूलाई आशीर्वाद दिएपछि सबैले बिश्राम गरे। त्यसपछि माताले नन्द कुमारको शिर सुमसुमाई भनिन्– बाबु तिमी न हुंदा, जसरी हावाले कमजोर

Downloaded from http://dhamma.digital

चीजलाई हल्लाउँछ, त्यस्तै गरी चिरकाल देखि मेरो हृदय हल्लिरहेको थियो । म आजै निंदाई रहेको बेलामा स्वप्नमा तिमी आईरहेको देखेकी थिएँ । आज साँच्चै मेरो पुत्र नन्द आई पुग्यो । अब म अति नै प्रसन्न भएकी छु । यसरी स्वप्न देखेर जागेको बेलामा नन्द न आएको भए मेरो मनमा कति शोक बढ्ने थियो, हृदय कति दुखित हुने थियो । आज धेरै समय पछि पुत्र नन्द आश्रममा फर्केको छ स्वामी तथा म, प्रिय पुत्र नन्दलाई घर फर्केको देखेर अति प्रसन्न भएका छौं । अब नन्द घर आइपुग्यो, उनी बाबु आमा दाज्यू सबै का प्रिय छ्। हामी सबैले जे चाहेका हौं त्यो मिल्यो । बाबु अब पिता मातालाई सेवा गर्ने छौं । अनि बोधिसत्व सोन कुमारले पनि यही कुरा सत्य छ भन्नु भयो । माता पिताको वचन सत्य हुन्छन् भनी भाईलाई उपदेश दिए– भाई, पिता माताको गुण अनन्त हुन्छ । अप्रमादी भएर उहाँहरूको दिन रात सेवा गर्नु नै हाम्रो धर्म र स्वभाव हो । तिमीले पिता माताको धेरै नै सेवा गरी आफ्नो आदर्श देखायौ । यसबाट तिमीलाई महा पुण्यलाभ अवश्य मिल्ने छ । त्यसपछि सबैलाई सम्बोधन गरी बोधीसत्व सोन कुमारले उपदेश दिए–

सन्तान प्राप्तिको लागि पिता माताले सदैव देव देवताहरूको प्रार्थना गर्दछन् । अनि माताले गर्भ धारण गरेर आफ्नो भावीसन्तान को मंगलकामना गर्दछिन । माता बाट सन्तान प्राप्ति भएपछि आफ्नो प्राण भन्दा प्यारो गरी लालन पालन गरी रक्षा गर्छिन । माताबाट अमृतमय स्तन पान गराईकन र पिताबाट रक्षा गराईकन नवजात बच्चा को प्राण रक्षा हुन्छ । रात दिन बच्चाको स्याहार सुसार गरी आफुले ठूलो कष्ट भोगेर पनि उनको प्राण रक्षा गरी हुर्काउँछन् ।

Downloaded from http://dhamma.digital

त्यस्तो भयङ्कर कष्ट भोगेर पालन पोषण गरेर हुर्काएको छोरा छोरी ले आमाको सेवा गर्दैन भने त्यस्तो सन्तान नरकमा पर्दछ। यस्तै गरी भयङ्कर कष्ट भोगेर पालन पोषण गर्ने पितालाई उनको सन्तान ले सेवा गर्दैन भने त्यस्तो सन्तान पनि नरकमा पर्दछ। मैले सुनेको छु कि आफ्नो माताको सेवा नगर्ने सन्तान जस्तै धनवान भए पनि अन्त्यमा उनको सारा धन विनास भएर जान्छ, अनि त्यसलाई भयङ्कर कष्ट पनि भोग्नु पर्दछ। त्यस्तै गरी आफ्नो पिताको सेवा नगर्ने सन्तानको जस्तै अपार सम्पति भए पनि आखिरमा उनको सारा धन सम्पत्ति नष्ट भएर जान्छ र उनलाई अनेकौं कष्ट भोग्नु पर्दछ। आमाको सेवा गर्ने बुद्धिमान कहिन्छ र सदैव आनन्द प्राप्ति हुन्छ र सुख र हाँसी हाँसी जीवन बिताउन पाउँछ। पिताको सेवा गर्नेलाई पनि बुद्धिमान कहिन्छ र उनलाई सदैव आनन्द प्राप्ति हुन्छ र सुख साथ हाँसी हाँसी जीवन बिताउन पाउँछ। जुन पुत्रले माता पितालाई आदरसाथ अन्नबाट वस्त्रादिबाट सयनासन (बिछौना) बाट मालिसबाट, स्नानबाट, पाउधोएर दैनिक सेवा गर्दछ उनी सदा प्रशंसित भएर स्वर्गमा जान्छन् र आनन्द प्राप्ति पनि गर्दछन्।

यस्तो प्रकारले सोन कुमारको धर्मोपदेश भएपछि त्यहाँ उपस्थित महाराजा मनोज, अन्य राजगण मन्त्री राजपरिषदगण, सेना-पति सहित सबै सेना लस्करहरू, प्रसन्न भै अनुगृहित भए। उनीहरूले त्यहीं पञ्चशील प्रतिष्ठित भैकन ज्ञान र धर्म अनुरागी भए अनि दानादि मा पनि अप्रमादी भए।

भगवान गौतम बुद्धबाट उपदेश धर्मदेशना गर्नु भएर आर्य सत्य प्रकाश गर्नु भयो। आर्यसत्यको प्रकाश भएपछि उपस्थित भिक्षु

Downloaded from http://dhamma.digital

हरू पनि श्रोतापत्ति फलमा प्रतिष्ठित हुनु भयो। उक्त जातक कथा-को पिता माता पूर्व समयको राजदम्पत्ति नै थिए । नन्द कुमार आनन्द थिए । राजा मनोज सारिपुत्र थिए। अनि तीं एकसय राजा गण असीति महास्थविर गण थिए अनि आदर्शवान सोन कुमार शास्ता भगवान बुद्धनै हुनु हुन्थ्यो ।



Downloaded from http://dhamma.digital

# भगवान बुद्धबाट माता पिताको उपस्थान–

सिद्धार्थ जन्म भएको सात दिन पछि वहाँको माता महा मायादेवीको स्वर्गारोहण भएको थियो । पछि भगवान बुद्धले बोधी ज्ञान प्राप्त गरी सक्नु भएपछि, आफ्नो आमाको अनन्त गुण सम्झिनु भै तार्वतिसमा जानु भएर आफुले प्राप्त गरेको चर्तुआर्यसत्य बारे आमाको पुण्य स्मृतिमा धर्मदेशना गर्नु भयो र फलस्वरूप श्रोतापत्ति मार्गफलमा प्रतिष्ठित गराउनु भयो । आफ्नो श्रेद्धेय माताप्रति आफ्नो असीम श्रद्धा दर्शाउनुका साथै मातालाई इहलोक तथा परलोकको समेत सुख र शान्तिको कल्याण प्राप्त हुने धर्मदेशना गर्नुभै आफ्नो मातालाई श्रोतापत्ति मार्गफलमा प्रतिष्ठित गराउनुभै आफ्नो माताप्रतिको कर्तब्य पूरा गर्नु भयो ।

एवं प्रकारले आफ्नो आदरणीय पिता शुद्धोधन महाराजलाई महा सत्कार साथ तीनचोटी सत्कार चढ़ाउन कपिलवस्तुमा जानु भयो । प्रत्येक पटक वहाँले आफुले प्राप्त गर्नु भएको चतुआर्य सत्यको ज्ञानलाई पिताको सन्मुख राख्नु भयो र पहिले श्रोतापत्ति मार्गफल जीवनको परम लक्ष तथा दुखबाट मुक्तिको एकमात्र सत्यमार्ग र जीवन कल्याणको एक मात्र आधार भएको कुरा विनम्र पूर्वक दर्शाउनु भयो । आखिरमा राजा शुद्धोदनले पनि यो धर्मज्ञान बोध गर्नु भै अरहन्त सम्म प्रतिष्ठित हुनु भयो । यसरी भगवान बुद्धले आफ्नो पिता प्रतिको आफ्नो आदर्श सेवा प्रदान गर्नु भयो ।

Downloaded from http://dhamma.digital

# गुणवान हात्तीको मातृसेवा

एक समय हिमालयको आसपासमा रहेको एउटा घनघोर जंगलमा एउटा ठूलो हात्तीहरूको बथान बसोबास गरेको थियो । ती हात्तीहरू मध्ये एउटा सेतो वर्ण भएको अग्लो, सुन्दर स्वरूप भएको एकजना गुणी हात्ती थियो । त्यो हात्तीलाई सबै अरू हात्ती हरूले नायकको रूपमा मान्दथे । उनको आकर्षक रंग रूप र चाल-ढालले गर्दा सबै हात्तीहरूले उसलाई नै आफ्नो राजा मानी बसेका थिए र सबै सुख आनन्दसाथ जंगलमा विचरण गर्दै जीवन बिताउँदै थिए ।

त्यस राजा हात्तीको एकजना बृद्धा आमा रहिछन् । उनी आफ्नो बृद्धा उमेरले गर्दा जङ्गलमा चल्न फिर्न नसक्ने भएकी थिइन् । आँखाले देख्न नसक्ने र खुट्टाहरू पनि लूला भएका थिए । उनको एकमात्र सहारा उनै उनको पुत्र राजा हात्ती थिए । सधैं सो राजा हात्तीले आफ्नो आमा हात्तीलाई जङ्गलबाट आहार ल्याई खवाई सेवा सुसार गर्दथे ।

एक दिन त्यस देशको एउटा बनचर मानिस कार्यवस त्यस बोधिसत्व हात्ती रहने जङ्गलमा घुमीरहेको थियो । जङ्गलमा हिंडदा उनीले बाटो बिराए र बाटो बिर्सेर त्यहीं अलमलिई भौंतारी रहेको थियो । घनघोर जङ्गलमा उनीलाई बाटो देखाउने पनि कोही भएन । उनी आत्तिदै चिच्याउन थाले तर कोही पनि त्यहाँ देखापरेन । साँझ हुंदै गएपछि त्यसले चिच्याउँदै कहालिदै सहारा माग्न थाल्यो र केही कतै सहारा न पाएकोले त्यहीं बसी रून लाग्यो । संयोगले बोधिसत्व हात्ती पनि जङ्गलमा डुल्दै त्यही स्थानमा आई पुगे । रोई

Downloaded from http://dhamma.digital

रहेको त्यो मानिस संग सोध्दा उनीले बाटो बिर्सेर असहाय अवस्थामा परेको कुरा भने । हात्तीको मनमा करूणा जाग्यो र त्यस मानिसलाई सही बाटो देखाई दिए ।

त्यस मानिसले हात्तीको गुण सम्झनुको सट्टामा गजबको आकर्षक राम्रो हात्ती त्यस जङ्गलमा देखें भनेर त्यस देशको राजाका सिपाहीहरूलाई भने । सिपाहीहरूले यस्तो अति रूपवान हात्तीको बयान गर्दै राजालाई बिन्ती चढाए । यस्तो रूपवान हात्ती त समाल्नै पर्छ भन्ने विचार गरी राजाले त्यो हात्तीलाई छोपी ल्याउन आज्ञा दिए ।

आज्ञानुसार सिपाहीहरूले त्यस हात्तीलाई फन्दामापारी त्यस लाई छोपेर लगी राजाको दरबारमा पुर्‍याई तबेलामा बाँधेर राखे । दरबारका तबेलामा राम्रो आहार सुसारको ब्यवस्था हुंदा पनि त्यस हात्तीले केही पनि खाएन । कति फकाई फुकाई, सजाय आदि दिंदा पनि त्यसले एक पत्ता पात पनि खाएन । केवल उनको आँखाबाट आँसु झरीरहेको हुन्थ्यो र बीच बीचमा करूणारूपले कराउँथ्यो । राजाले हात्तीले किन यस्तो बिलाप गरेको होला भन्ने कारण सोध्दा सो हात्तीले भने– महाराज त्यस जङ्गलमा मेरो एकमात्र बृद्धा अन्धा आमा हुनु हुन्छ । वहाँ अन्धा र लूला हुनु हुन्छ वहाँलाई म नै एक मात्र सहारा भएको छु । मलाई पनि आफ्नो बृद्धा माताको सेवा गर्न न पाउँदा आफु टुहुरा भएको अनुभव भईरहेछ । मलाई न भोक छ न प्यास छ न निंद र आराम नै छ । त्यसकारण मलाई मेरो बृद्धा आमाको सेवा गर्नबाट बञ्चित हुनु पर्दा मनमा ठूलो शोक र पीड़ा परीरहेको छ । हात्तीको यस्तो करूणाजनक कुरा सुनी राजाले उनीलाई त्यहाँबाट मुक्त गराई फेरि सोही जङ्गलमा फिर्ता पुर्‍याउने आज्ञा दिए र साथै राजाले त्यस हात्तीको प्रतिमा बनाई वर्षे पिछैनै त्यस हात्तीको जात्रा परिक्रमा गर्न थाले । यो आदर्श मातृसेवक स्वेत हात्ती स्वयम् बोधिसत्व नै हुनु हुन्थ्यो ।

Downloaded from http://dhamma.digital

# आत्मत्यागी बाँदरको कथा

एक पटक हिमालय समिपको एउटा जङ्गलमा नन्दीय र चुल्ल नन्दीय नामका दुईजना दाज्यू भाई बाँदर रहन्थे । तिनीहरू गुणवान त्यागी स्वभावका भएकाले त्यस जंगलमा रहने बाँदर समूहका नायक र उपनायक मानिन्थे । तिनीहरूले बाँदर समूहमा कहीं कसैलाई आपत विपत पर्दा तुरून्त मदत गर्न जान्थे र अरूलाई पनि त्यसो गर्न लाउँथे । सबैले खाएको न खाएको हेर विचार गर्थे र कसैलाई खाने कुरा नपुग भए आफ्नै भागको भोजन पनि दिन्थे । ति दुई दाज्यू भाई बाँदरहरू आफ्नो समूहका अति प्रिय नायक थिए । तिनीहरूका एकजना बृद्धा अन्धा आमा थिइन् । तिनी दुई बाँदर नायक कै सहारामा बाँची रहेकी थिइन् । बादर नायक दुई दाज्यू भाई मिली अन्धा आमाको दिन दिनै सेवा टहल गर्दथे । टाढा टाढा बाट मीठो मिठो भोजनहरू आमालाई पठाउने गर्दथे । धेरैजसो त आफै आमाको सेवा टहल गर्दथे । मीठो फलहरूल्याई ख्वाउँथे र कहिलेकाहीं आफै भोकैरहेर पनि आमाको भोक तृप्त पारी दिन्थे ।

एक दिन एउटा दुष्ट ब्याधा जंगलमा अरू कुनै शिकार नपाएकोले रिसमानी जंगलमा चहारीरहेको थियो । अचानक उसले त्यस बृद्धा अन्धा बाँदरलाई अगाडी देखे । उनीले तीर सोझ्याई हान्न ताके । उत्तीखेरै जेठो पुत्र नन्दीयले आमालाई मार्न लागेको देखे । उनी उफ्रँदै गएर आमाको अगाडी उभिएर आमालाई छोपेर त्यस शिकारीलाई भने– मलाई मार, मेरो आमालाई नमार । आमाको सट्टा मेरो ज्यान हाजिर छ । ब्याधाले आफ्नो हाथबाट तीर छुटाई हाले र नन्दीय त्यही प्राणान्त भै पल्टिए । त्यसपछि तुरून्तै त्यस

Downloaded from http://dhamma.digital

ब्याधाले फेरि उनको आमाचाहींलाई तीर हान्न खोजेकामात्र थिए कि भाईचाहीं चुल्ल नन्दीय बाँदरले आफ्नो आमाको ज्यान जोगाउन छाती थापी आफु अगाडी परे । त्यसलाई पनि त्यस ब्याधाले तीर चलाई मारी दिए । अनित उनीहरूको आमाको प्राण जोगाउने अब कोही भएनन् । त्यस क्रूर निर्दयी ब्याधा अन्तमा त्यस अन्धो बृद्धा बाँदरनीलाई पनि तीर हानी त्यहीं मारी दिए । यसरी ती दुई सुपुत्रहरूले आफ्नो आमाको प्राण रक्षा गर्न आत्म बलिदान गरे । अनि तीनै जनाको प्राण एकै ठाउँमा अन्त हुन गयो । त्यस निर्दयी ब्याधा क्रूरता देखेर पृथ्वी मातालाई पनि असह्य वेदना भयो र स्वयं

त्यस ठाउँमा ठूलो गर्जन साथ :यहाँको भूमि एकाएक भासिन गयो जसमा त्यो क्रूर ब्याधा त्यहीं दबीए ।

नन्दीय बाँदर पूर्व समयमा स्वयं बोधिसत्व नै हुनु हुन्थ्यो ।



Downloaded from http://dhamma.digital

# सारिपुत्रको अन्तिम मातृ सेवा

एक दिन सारिपुत्र महास्थविरले आफु परिनिर्वाण हुने समय आइपुग्यो भनी जान्नु भयो। परिनिर्वाण हुनलाई भगवानको वचन लिएर आफ्नो मातृ ग्राममा जानुभएको हुंदा गाउँमा पुग्नासाथ वहाँले आफ्नी बुढीं आमालाई आफु आइरहेको समाचार पठाउनु भयो। वहाँको आमा कत्तर ब्रह्मपूजिका रहिछन्। ब्रह्मा भन्दा ठूलो त्रिलोकमा दोश्रो अरू छैन भन्ने उनको धारणा थियो। आमाको यो मिथ्या धारणा मिटाई सम्यक धारणामा राख्नलाई वहाँ आखिरमा आफ्नो घरमा प्रवेश गर्नु भयो। सारिपुत्र महास्थविर आफ्नो घर पुगेर आमा संग आफु जन्मेको ठाउँ सोध्नु भयो। आमाले बताइन्। वहाँ त्यसै कोठामा जानु भयो। बेलुका र रातमा वहाँको हेरचार गर्न चतुर्महाराज आदि ब्रह्माहरू समेत आए। यो दृश्य देखेर आमाको विचारधारा फरक भयो। छोराको महत्व बुझिन्। बहुतै खुशी भइन्। आखिर वहाँले आमालाई उपदेश दिएर त्रिशरणमा ल्याउनु भयो। यसरी सारिपुत्र महास्थविरले आफ्नो आमाप्रति गर्नु पर्ने कर्तब्य पनि पालन गरी आमालाई श्रोतापत्ति बाटो देखाई अनित्य देह छोडेर महा सुखमय निर्वाण धातुमा परिनिर्वाण हुनु भयो।

सारिपुत्र महास्थविर परिनिर्वाण हुनु भैसके पछि चुन्द आनन्द महास्थविरहरूले वहाँको अस्थिधातु कपडामा पोका पारी भगवान बुद्धकहाँ लानु भयो आफ्नै चक्रांकित हातमा राखेर सबै भिक्षुहरूको अगाडी सारिपुत्रको गुण वर्णन गरी भगवान बुद्धले यस्तो आज्ञा गर्नु भयो।

Downloaded from http://dhamma.digital

यो पब्बजि जाति सतानि पञ्च,
पहाय कामानि मनो रमानि ।
तं वीतराग सुसमाहितिन्द्रियं,
परिनिब्बुतं वन्दथ सारिपुत्तं ।।

अर्थः– जो भिक्षु पाँचसय जन्म सम्म रमाइलो पञ्च विषय छोडेर प्रव्रजित भए, उनै वीतरागी शन्तीन्द्रिय निर्वाण भै सकेको सारिपुत्रको अस्थिधातुलाई नमस्कार गर ।

खन्तीबलो पठविसमो न कुप्पति,
न चापि चित्तस्स वसेन वत्तति ।
अनुकम्पको कारुणिको च निब्बुतो,
परिनिब्बुतं वन्दथ सारिपुत्तं ।

अर्थ– क्षान्ति बलको प्रभावले पृथ्वी समान अचल मनको वशमा नपर्ने, अनुकम्पा र करुणा भएको सारिपुत्र निर्वाण हुनु भयो। वहाँको अस्थिधातुको वन्दना गर ।

यति मात्र होइन पाँचसय श्लोकद्वारा भगवान बुद्धले सारिपुत्र महास्थविरको गुण गाउनु भएको छ ।



Downloaded from http://dhamma.digital

# आटा नाटिय सुत्तं

जीवनमा अनेकौं कष्ट, रोग, ब्याधि, भय, आशंका, आतङ्क त्रास आदि पर्न आउन सक्दछ । त्यस्तो कठिन परिस्थितिमा भगवान बुद्धको एक चित्तले स्मरण गरेर, त्रिरत्नको शरण परी शुद्ध चित्तले परित्राण सूत्र पाठ गर्नु वा गराउन लगाउनाले पुण्य लाभका साथै आफ्नो मनमा शान्ति, धैर्य आउँद छ र आफुमा आत्म विश्वास एवं आत्मबल प्राप्त हुन्छ । पूरा परित्राण सूत्र पाठ गर्न नसकेमा निम्न लिखित केही सूत्रहरू शुद्ध चित्तले सदा स्मरण र उच्चारण गर्नाले पुण्य सञ्चय, भय नास र मनमा शान्ति उत्पन्न हुन्छ ।

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स: ( ३ पटक )

**सदा सुखेन रक्खन्तु, बुद्धा सन्ति करा तुवं ।**
**ने हि त्वं रक्खितो सन्तो, मुक्तो सब्ब भयहि च ॥**
**सब्ब रोगा विनी मुत्तो, सब्ब सन्ताप वज्जितो ।**
**सब्ब वेरमतिक्कन्तो, निब्बुत्तो च तुवं भवं ॥**
**तेसं सच्चेनं सीलेन, खन्ति मेत्ता-बलेन च ।**
**ते पि अम्हे-नुरक्खन्तु, आ रोगेन सुखेन च ॥**
**एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा !**
**एतेन सच्चवज्जेन, सब्ब रोग विनस्सन्तु !!**
**एतेन सच्चवज्जेन, होतुते जय मङ्गलं !!!**

Downloaded from http://dhamma.digital

# पञ्चशील

**यो चे वस्ससतं जीवे दुस्सीलो असमाहितो ।**

**एकाहं जीवितं सेय्यो सीलवन्तस्स झायिनो ॥**

अर्थः– शील बिहीन भै सय वर्ष बाँचीरहनु भन्दा शील पालन गरेर एकै दिनमात्र बाँच्नु पनि बढ़ी उत्तम हुन्छ ।

उपरोक्त उपदेश भगवान बुद्धबाट दिनु भएको हो। यो पञ्च-शील ग्रहण गरी यसै शील अनुसार जीवन यापन गर्नाले आफ्नो र जगतको कल्याण अवश्य हुन्छ। पञ्चशील पालन गर्नु नै सदाचारी हुनु हो।

पञ्चशील विधि—

नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स [तीन पटक भन्ने]

बुद्धं सरणं गच्छामि = ( म बुद्धको शरणमा जान्छु )

धम्मं सरणं गच्छामि = ( म धर्मको शरणमा जान्छु )

संघं सरणं गच्छामि = ( म संघको शरणमा जान्छु )

दुतियम्पि (माथिको दोहऱ्याउने)= ततियम्पि (माथिको दोहऱ्याउने)

## पञ्चशील–

[१] **पाणातिपाता वेरमणि सिक्खा पदं समादियामि ।**

अर्थः– प्राणी हिंसा गर्ने कार्य गर्ने छैन भन्ने शील व्रत पालन गर्ने छु।

[२] **अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि ।**

अर्थः– अर्काको वस्तु झुक्याएर वा चोरेर लिने छैन भनी शील व्रत पालन गर्ने छु ।

Downloaded from http://dhamma.digital

[३] **कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि ।**

अर्थः– काम वासनामा परी गलत आचरणमा लाग्ने छैन अथवा पराई स्त्री वा पराई पुरूषसंग गमन् गर्ने छैन भन्ने शील ब्रत पालन गर्नेछु ।

[४] **मुसावादा वेरमणि सिक्खापदं समादियामि ।**

अर्थः– असत्य वा झूठो कुरा कदापी गर्ने छैन भन्ने शील ब्रत पालन गर्ने छु ।

[५] **सुरामेरयो मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।**

अर्थः– रक्सी, गाँजा, भाङ, जाँड, अफीम आदि होस हराई दिने वस्तु खाने छैन वा पीउने छैन भन्ने शील ब्रत पालन गर्नेछु ।

यो पञ्चशीलमा भगवान बुद्धले भन्नु भयो, मानवलाई मात्र कल्याण छ भन्नु भयो र आजको युगमा राष्ट्रले पनि मान्यता दिइएको छ ।

# पुण्यानुमोदन

**इदंवो आतीनं होन्तु सुखीता होन्तु आतयो** [ तीन बार ]

**एतावता च अम्हेहिं, सम्भतं पुञ्ञ सम्पदं ।**

**सब्बेदेवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया ॥**

**एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**

**सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥**

**एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**

**सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥**

**समाप्त**

Downloaded from http://dhamma.digital

# 'सब्बदानं धम्मदानं जिनाति'

## सबै दान मध्ये धर्मदान श्रेष्ठ छ

(यो पुस्तिका प्रकाशित गर्न श्रद्धा पूर्वक धर्म दान गर्नेको नामावली)

तानसेन, पाल्पा

| | | |
|---|---|---|
| श्री मती जनक कुमारी मास्के ठाडोगल्ली | | रू० १००।- |
| श्री कृष्ण गोपाल बज्राचार्य | टक्सार | ,, ३०।- |
| श्री जयमान शाक्य | ,, | ,, २५। |
| श्री पूर्णमान शाक्य | ,, | ,, १५।- |
| श्री प्रेमराज शाक्य | ,, | ,, ५।- |
| श्री अनागारिका करूणा | ,, | ,, २०।- |
| श्री नील कुमारी उपासिका | ,, | ,, २०।- |
| सुश्री बाल कुमारी उपासिका | ,, | ,, २०।- |
| श्री सेती उपासिका | ,, | ,, २०।- |
| सुश्री श्रीलक्ष्मी उपासिका | ,, | ,, २०।- |
| सुश्री विष्णु कुमारी (पुतली) उपासिका | ,, | ,, २५।- |
| श्री मोहन कुमारी शाक्य उपासिका | ,, | ,, १०।- |
| श्री मती महालक्ष्मी शाक्य उपासिका | ,, | ,, १०।- |
| सुश्री चन्द्रप्रभा उपासिका | ,, | ,, १०।- |
| सुश्री बेटिमाया शाक्य उपासिका | ,, | ,, १०।- |
| श्रीमती मंगल कुमारी शाक्य उपासिका | ,, | ,, १०।- |
| श्रीमती मोहनमाया उपासिका | ,, | ,, १०।- |
| स्व. श्री दस कुमारी शाक्य | ,, | ,, १०।- |

Downloaded from http://dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| श्री मकुन्दराज बज्राचार्य | | टक्सार | रू. | ५।- |
| श्री प्रदिपलाल बज्राचार्य | | ,, | ,, | ३।- |
| श्री मती धनलक्ष्मी बज्राचार्य | | ,, | ,, | १०-। |
| सुश्री मायादेवी | ,, | ,, | ,, | २॥ |
| सुश्री विद्यालक्ष्मी | ,, | ,, | ,, | ३॥ |
| जीवन कुमार | ,, | ,, | ,, | ३।- |
| सुश्री सरस्वती | ,, | ,, | ,, | २।- |
| श्रीमती शान्तलक्ष्मी उपासिका | | ,, | ,, | १०।- |
| श्रीमती तीर्थ कुमारी उपासिका | | ,, | ,, | ५।- |
| सुश्री सुमनादेवी उपासिका | | ,, | ,, | ५।५० |
| सुश्री सन्तु कुमारी उपासिका | | ,, | ,, | ५।५० |
| श्री मती रत्नकुमारी शाक्य उपासिका | | ,, | ,, | ५।- |
| श्री मती राजमायाँ बज्राचार्य उपासिका | | ,, | ,, | ५।- |
| श्रीमती गणेशकुमारी महर्जन उपासिका | | ,, | ,, | ३।- |
| सुश्री रूपा देवी महर्जन उपासिका | | ,, | ,, | ४।- |
| सुश्री पुष्पा लक्ष्मी बज्राचार्य उपासिका | | ,, | ,, | २।- |
| श्री मती हरी कुमारी बज्राचार्य | | नारायण टोल | ,, | १०।- |
| श्री मती वसुन्धरा देवी | | ,, | ,, | ५।- |
| श्री तेजराज शाक्य | | ,, | ,, | ३।- |

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| श्री मती राजकुमारी प्रधान, असनटोल | | रू. | |
| श्री मती सुभद्रा प्रधान | ,, | ,, | १० |
| श्री हीरालाल, शुभकुमारी शाक्य | ,, | ,, | १०।- |
| श्री भक्तलाल, सन्तलाल शाक्य, सिलखान टोल | | ,, | १५।- |
| श्री मती आशामायाँ महर्जन | ,, | ,, | २०।- |
| श्री दिल बहादुर बज्राचार्य | ,, | ,, | ५।- |
| श्री अनागारिका उप्पलवर्ण आनन्द बिहार | | ,, | ५।- |
| श्री अनागारिका सुधम्मा | ,, | ,, | ५।- |
| श्री मोतीकाजी, दिलमायाँ भिमसेन टोल | | ,, | १५।- |
| श्री सानुकाजी शाक्य भिमसेन टोल | | ,, | ५।- |
| श्री बाबुकाजी सुमनादेवी शाक्य भिमसेन टोल | | ,, | १०।- |
| श्री मती विष्णु कुमारी | ,, | ,, | ५।- |
| श्री भक्तराज शाक्य वसन्तपुर टोल | | ,, | १०।- |
| श्री मती लक्ष्मी | ,, | ,, | १०।- |
| श्री मती गणेश कुमारी | ,, | ,, | १०।- |
| श्री मती सूर्ज कुमारी | ,, | ,, | ३।- |
| श्री बुद्धरत्न शाक्य भगवती टोल | | ,, | १०।- |
| श्री मती तीर्थकुमारी शाक्य मखनटोल | | ,, | २०।- |
| श्री तेजकुमारी, सन्तकुमारी, बेटीमायाँ, श्रीलक्ष्मी गोरी लक्ष्मी, पञ्चमायाँ, कान्छीनानी, शाक्यहरू | | ,, | १३।- |
| सुश्री सन्तुकुमारी लहरे पीपल | | ,, | ५।- |
| श्री विश्वकर्मा | ,, | ,, | १।। |

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| कुमारी प्रधान | बुटवल | रू० | ५०।- |
| ी रत्नदेवी | ,, | ,, | २५।- |
| श्री बेगम मती प्रधान | ,, | ,, | २५।- |
| श्री जुजुभाई, लक्ष्मी बज्राचार्य | ,, | ,, | २०।- |
| श्री अमृतलाल शाक्य | ,, | ,, | १०।- |
| श्री मती पूर्णलक्ष्मी | ,, | ,, | १०।- |
| श्री मती मानकुमारी शाक्य | ,, | ,, | ५।५० |
| श्री मती सन्तु कुमारी शाक्य | ,, | ,, | ५।- |
| सुश्री देवकुमारी उपासिका | ,, | ,, | ५।५० |
| सुश्री किरण, मीना प्रधान | ,, | ,, | ५।- |
| सुश्री पद्मावती शाक्य | ,, | ,, | ५।- |
| श्री मती पुतली शाक्य | ,, | ,, | ५।- |
| श्री राम बहादुर शाक्य | ,, | ,, | ५।- |
| श्री सूर्यमान, बाबुकाजी | ,, | ,, | ५।- |
| श्री मती ज्ञानदेवी श्रेष्ठ | ,, | ,, | ५।- |
| श्री हीराकाजी तुलाधर | ,, | ,, | ५।- |
| श्री मती लक्ष्मी शोभा तुलाधर | ,, | ,, | १।- |
| श्री मती लक्ष्मीदेवी तुलाधर | ,, | ,, | १।- |
| श्री मती हर्षशोभा तुलाधर | ,, | ,, | २।- |
| श्री भूवन कुमार, सुभद्रादेवी शाक्य | ,, | ,, | ३।- |

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## लेखकको प्रकाशित पुस्तकहरूः–

| | | |
|---|---|---|
| (१) | विशाखा चरित्र | (नेपाल भाषा) |
| (२) | बुद्ध धर्मया मूलँपु | (नेपाल भाषा) |
| (३) | मघ मानवक | (नेपाल भाषा) |
| (४) | अनाथ पिण्डिक | (नेपाल भाषा) |
| (५) | महाकप्पिन | (नेपाल भाषा) |
| (६) | शीलव जातक | (नेपाल भाषा) |
| (७) | माता पिता सेवा | (नेपाली भाषा) |

## लेखकको प्रतिक्षामा–

[१] बौद्ध कहानी

[२] राहुल माता

[३] सम्यक् परिब्राजक

पुस्तक प्राप्तिस्थान–

**गण महाविहार, काठमाडौं**

**महा चैत्य विहार**

पाल्पा, तानसेन, टक्सार

मुद्रक– तिलक प्रेस, टक्सार टोल, तानसेन, पाल्पा

Downloaded from http://dhamma.digital